अध्याय तीन

# साझेदारको खोजी

## पुनः नेपालतिर

छ महिनापछि सन् १९९४ को सेप्टेम्बरमा शाप्ला नीरले नयाँ कार्यक्रम लक्षित राष्ट्रको रूपमा नेपाललाई छनोट गऱ्यो । विकास योजना प्रतियोगितामा फिलिपिन्सका आवेदक छनोट भई उनले परिचय गराइदिएको गैससको निरीक्षणका लागि पुनः एक पटक कार्यक्षेत्रको अध्ययन-अनुसन्धान पनि गरेँ । नेपालको सन्दर्भमा शिक्षा, स्वास्थ्य तथा सरसफाइजस्ता आधारभूत आवश्यकतासमेत पूर्ति नभएको अवस्था बंगलादेशसँग धेरै मिल्दोजुल्दो हुनाले शाप्ला नीरका विगतका अनुभवहरूलाई पनि जीवितै राख्न सकिन्छ कि भन्ने लाग्यो । फेरि सन् १९९० मा भएको प्रजातन्त्रको पुनर्स्थापनाले[१] गर्दा नेपालमा गैसस क्षेत्रलाई पनि कानुनी मान्यता दिइएकोले स्थानीय गैससले अन्तर्राष्ट्रिय सहयोगको ठूलो अपेक्षा राखेका थिए ।

---

१ सन् १९९० मा भएको जनआन्दोलनको परिणामस्वरूप राजाको एकाधिकार रहेको ३० वर्षदेखिको निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भई बहुदलीय व्यवस्था, बालिग मताधिकार, मौलिक हक र आधारभूत मानव अधिकारको प्रत्याभूतिसहित संसदीय प्रजातन्त्रलाई मुख्य आधार मानिएको नयाँ संविधान सार्वजनिक गरियो ।

तथापि कुन क्षेत्रमा कस्तो खालको कार्यक्रम कसरी सुरुआत गर्ने विषयमा भने शाप्ला नीरले केही निर्णय गरिसकेको थिएन । त्यसैले सन् १९९४ को अक्टोबरदेखि १९९५ को मार्च महिनासम्म, छ महिनाको स्थानीय क्षेत्रको अध्ययन-अनुसन्धानको लागि म पुनः नेपाल आएँ । यस पटकको अनुसन्धानको मुख्य लक्ष्य चाहिँ शाप्ला नीरको साझेदारीको लागि स्थानीय गैससको खोजी गर्नु थियो ।[२] विकास योजना प्रतियोगितामा उपयुक्त आवेदक फेला नपरेकोमा अपशोच पनि लाग्यो । तर विकास परियोजनालाई सफल पार्न "कहाँ के गर्ने भन्ने नभई कोसँग काम गर्ने" भन्ने विषयमा ढाकास्थित पूर्व आवासीय प्रतिनिधिको सुझाव मेरो दिमागमा गहिरोसँग बसेको थियो ।

यसभन्दा अघि जम्मा दुई हप्ताको छोटो अध्ययन-अनुसन्धान गर्न नेपाल आएको थिएँ भने यस पटक चाहिँ प्रशस्त समय थियो । त्यसैले नेपालमा कार्यरत सबै गैससका कार्यक्षेत्रको अवलोकन गरौँ भन्ने सोचेर नेपालमा आएँ । जुनै संस्थामा गए पनि "नोभेम्बर महिनामा तोकिएको आमचुनावपछि मात्र कार्यक्षेत्रमा पस्नु राम्रो होला । यति बेला जुन ठाउँमा गए पनि चुनावको चहलपहल मात्र छ । यस्तो बेलामा तपाईं विदेशी मान्छे कार्यक्षेत्रमा जानुभयो भने चुनावी कामको लागि मात्र प्रयोग हुने सम्भावना हुन्छ" भन्ने सुझाव पाएँ ।

सन् १९९० को प्रजातन्त्रको पुनर्स्थापनापश्चात् राजतन्त्रात्मक शासन प्रणालीबाट बहुदलीय शासन प्रणालीमा परिणत भएको नेपालमा उक्त चुनावले समाजमा पार्ने प्रभावलाई जापानसँग तुलना गर्न मिल्दैनथ्यो । म तत्कालै आफ्नो अदूरदर्शिताप्रति सजग भएँ । त्यसैले नेपालको अन्य भेगमा डुल्नुको सट्टा साझेदारको रूपमा काम गर्ने स्थानीय गैससको सिफारिश प्राप्त गर्नका लागि काठमाडौँमा भएका विदेशी गैससका कार्यालयमा धाउन सुरु गरेँ । साथै स्थानीय गैससँग सहयोग गरी कार्यक्रम सञ्चालन गरिरहेका विदेशी गैससलाई शाप्ला नीर बंगलादेशका क्रियाकलापबारे पनि विस्तृतरूपमा बताउने काम भयो । अक्स्फाम[३] भन्ने बेलायतको गैससँगको भेटघाटको सिलसिलामा केही स्थानीय संस्थाहरूको

---

[२] तत्कालीन सरकारले नेपालमा नयाँ कार्यक्रम सुरु गर्ने अन्तर्राष्ट्रिय गैससलाई सैद्धान्तिक रूपमा नेपालका गैससँग साझेदार गर्न कानुनी अनुमति र निर्देशन दिएको थियो ।

[३] अक्स्फामको पुरानो नाम "अक्सफोर्ड कमिटि फर फेमाइन रिलिफ" हो । दोश्रो विश्वयुद्ध अवधिभर भोकमरीबाट पीडित ग्रीसका जनतालाई सहायता दिनका लागि अक्सफोर्ड सहरका बासिन्दाद्वारा सन् १९४२ मा यसको स्थापना गरिएको थियो । युद्धपश्चात् यसका क्रियाकलापको क्षेत्र संसारभर फैलिँदै

परिचय प्राप्त गरेँ । त्यसपछि कुराकानीका सन्दर्भमा मैले बेलायतमा अध्ययन गरेको विषयबारे खुब चर्चा भयो । मैले जागरणसम्बन्धी अध्ययनको बारेमा कुराकानी गर्दा कार्यालय प्रमुख (बेलायती महिला) ले भन्नुभयो, "स्पेस (Society for Participatory Cultural Education [SPACE]) नामको गैससको निरीक्षण गर्दा कसो होला ? त्यस संस्थाले पनि जागरण प्रक्रियालाई प्रयोगमा ल्याइरहेको कुरा सुनेकी छु । अक्स्फामले सहयोग गरिरहेको गैसस नभएको कारणले विस्तृत रूपमा भने त्यति थाहा छैन । त्यस संस्थाका प्रमुखको नाम चाहिँ केशव गौतम हो ।"

## अनुभवी गैरसरकारी संस्था

केही दिनपछि म स्पेसको कार्यालयमा गएँ । काठमाडौँमा त्यसको ठेगाना पत्ता लगाउन गाह्रो भयो । कार्यालयमा साइन बोर्ड नभएकोले जानुअगाडि टेलिफोन गरेर नजिकसम्म मलाई लिन आउन आग्रह गरेँ ।

केशव गौतमसँगको पहिलो भेटमा कता कता उहाँ "भलाद्मी व्यक्तित्व" जस्तो लाग्यो । उहाँलाई भेट्नुअगाडि मैले अरू केही गैससका प्रमुखलाई पनि भेटेको थिएँ । तर तिनीहरूमध्ये प्रायः चाप्लुस तथा घमण्डी स्वभावका जस्ता देखिन्थे । तर केशव गौतमलाई मैले अति प्रस्ट वक्ता तथा राम्रो मिजासको व्यक्ति पाएँ । उहाँ म जस्तै ३३ वर्षको हुनुहुन्थ्यो । बस्तीहरूबीच एउटा चिटिक्क परेको कार्यालयमा मलाई लगियो । परस्परमा आ-आफ्नो परिचय आदान-प्रदान गरिसकेपछि त्यस संस्थाको स्थापनाबारे जिज्ञासा राखेँ ।

अमेरिकाको मेरिनोल क्याथोलिक संस्थाबाट काजमा आएका ग्याल्भिन पादरीद्वारा तीन जना नेपाली कर्मचारीका साथ काठमाडौँमा साक्षरता कार्यक्रम सञ्चालन गर्नका लागि सन् १९७९ मा एउटा संस्थागत कामको सुरुआत भयो । त्यतिखेर उक्त संस्थाको नाम 'मानव तथा विकास सेवा' (Human and Development Service, HANDS) थियो । त्यसलाई अमेरिकी गैससको

---

गयो । बिस्तारै शरणार्थीको लागि सहयोग तथा प्राकृतिक प्रकोप अवधिभरको लागि सहायता गतिविधि सञ्चालन गर्नुका साथै यसले विकासोन्मुख राष्ट्रको सन्दर्भमा स्थानीय गैसससँग मिलेर विकास परियोजनाको कार्यान्वयन, विकसित देशमा विकासका लागि शिक्षा तथा वकालती (नीति निर्माण कार्य) मा जोड दिइरहेको छ । सन् २००० को आर्थिक वर्षमा यसको कुल बजेट १२ करोड ४० लाख पाउण्ड थियो । हाल अक्स्फाम बेलायतको एक उल्लेख्य अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो ।

रूपमा दर्ता गरिएको थियो । सन् १९८४ मा हालको स्पेस (सहभागितामा आधारित सांस्कृतिक शैक्षिक समाज) नामाकरण गरी साक्षरता कार्यक्रमका साथै सरसफाइ, आयआर्जन, स्थानीय बासिन्दाको समूह गठन आदि क्षेत्रमा पनि क्रियाकलाप विस्तार गर्दै गइयो । तर यसको काम गर्ने प्रक्रिया नेपाल सरकारसँग मेल नखाएको कारणले[४] सन् १९८७ मा ग्याल्भिन पादरी तथा अन्य विदेशी कर्मचारीहरूले नेपाल छाडेर गए । बाँकी रहेका नेपाली कर्मचारीले तत्कालीन पश्चिम जर्मनीको मिजेरियर संस्थाबाट सहयोग प्राप्त गरी क्रियाकलापलाई निरन्तरता दिइरहे । तर सन् १९९० मा उक्त सहयोग पनि रोक्का भयो । आर्थिक सहयोगको अभावमा स्पेसले करिब दुई वर्षसम्म क्रियाकलाप रोक्नु पऱ्यो । त्यस अवधिभर नेतृत्व गरिरहेका कर्मचारीहरू पनि आर्थिक कारणले गर्दा अन्य अन्तर्राष्ट्रिय गैससमा सरूवा भएकोले स्पेसले सङ्गठनात्मक रूपमा ठूलो घाटा व्यहोर्नुपऱ्यो ।

त्यसपछि सन् १९९२ मा बेलायतको एक्सन एड[५] गैससबाट पहाडी क्षेत्रको सिन्धुली जिल्लामा ग्रामीण विकास परियोजना सञ्चालन गर्न सहयोग प्राप्त गरी स्पेसले पुनः कार्यक्रम सुरु गऱ्यो । मैले कार्यालयको निरीक्षण गर्दाखेरि मिजेरियर संस्थाबाट पनि पुनः सहयोग सुरु भएकोले जम्मा दुईओटा अन्तर्राष्ट्रिय गैसससँग साझेदारीमा स्पेस कार्यरत थियो । सन् १९८७ देखियता स्पेसमा सबै कर्मचारीहरू नेपाली मात्र थिए । ईसाइ नभई सबै हिन्दू थिए ।

केशव गौतम विश्वविद्यालयमा जीवशास्त्रसम्बन्धी अध्ययन सकेपछि तराईस्थित राष्ट्रिय निकुञ्जमा विदेशी पर्यटकका लागि पथप्रदर्शकको रूपमा कार्यरत हुनुहुन्थ्यो । जब उहाँले सन् १९८१ मा मानव तथा विकास सेवाको साक्षरता कार्यक्रम

---

४ सन् १९९० को जनआन्दोलनभन्दा अघि गैरसरकारी क्षेत्रलाई नेपाल सरकारले परोपकार तथा समाज कल्याण क्षेत्रमा मात्र सीमित गरी गैरसरकारी संस्थाका क्रियाकलापलाई व्यापक मान्यता दिएको थिएन । यसैले त्यस बेला स्पेसले जोड दिँदै आइरहेको स्थानीय सङ्गठन तथा आयवृद्धिजस्ता क्रियाकलाप तोकिएको दायराभन्दा बाहिर परेको भनी स्पेसका विदेशी कार्यकर्तालाई तत्कालीन सरकारले देश छोडेर बाहिर जाने आदेश दियो ।

५ एक्सन एड सन् १९७२ मा बेलायतले स्थापना गरेको गैरसरकारी संस्था हो । बेलायतमा तुलनात्मक रूपले नयाँ भए तापनि हाल अक्स्फाम तथा सेभ द चिल्ड्रेनसँग राष्ट्रको प्रतिनिधित्व गर्ने एक गैरसरकारी संस्थाको रूपमा एक्सन एड विकसित भएको छ । सन् २००० मा एक्सन एडको कुल बजेट सात करोड ७२ लाख पाउण्ड थियो । हाल एक्सन एडले एसिया, अफ्रिका, दक्षिण अमेरिकाको तीसभन्दा बढी राष्ट्रमा क्रियाकलाप गरिरहेको छ । नेपालमा सन् १९८२ देखि यो कार्यरत छ ।

विभागीय प्रशिक्षकको रूपमा भाग लिनु भयो, त्यसपछि स्पेसको कर्मचारीको रूपमा कार्यरत रहनुभयो । फिलिपिन्सबाट सामुदायिक विकास विषयमा स्नातकोत्तर गर्नुभएका गौतमले सन् १९९२ देखि स्पेसको कार्यकारी सचिवको रूपमा काम गरिरहनुभएको छ ।

नेपालका धेरैजसो गैससहरू प्रजातन्त्रको पुनर्स्थापना पछिमात्र स्थापना भएका नयाँ संस्थाहरू हुन् । साथै यस्ता संस्थाहरू प्रायशः दलीय राजनीतिबाट प्रभावित छन् । तर स्पेसले प्रजातन्त्र पुनर्स्थापनाभन्दा अगाडिदेखि नै आफ्ना क्रियाकलापहरू गर्दै आएको थियो । धेरै लामो अनुभव बटुलेको स्थापित पुरानो संस्था भएकोले पनि यसप्रति मेरो ध्यानाकर्षण भयो ।

## एउटा निबन्धको प्रभाव

सपेसको सम्पूर्ण इतिहास तथा प्रमुख व्यक्तिको बारेमा बुझेपछि वास्तविक विषयवस्तुमा पस्ने तरखर गरेकोले मैले खोधेँ, "स्पेसले जागरण विधिलाई व्यावहारिक रूपमा उपयोग गर्दै आइरहेको संस्थाको रूपमा परिचय दिए तापनि वास्तवमा सो कार्य कसरी गर्ने गर्दछ ?"

प्रतिउत्तरमा कार्यक्रममा प्रयोग गरिरहेका शिक्षण सामग्रीको नमुना देखाउँदै केशव गौतमले भन्नुभयो, "हामीहरू पाउलो फ्रेरद्वारा प्रतिपादित विधि अपनाई साक्षरता कार्यक्रम सञ्चालन गर्न लागेका छौं । नेपालमा धेरै गैससले साक्षरता कार्यक्रम सञ्चालन गर्दै आए तापनि सबैले तयारी पाठ्यपुस्तकको प्रयोग गरिरहेका छन् । हामी चाहिँ यसबाट भिन्न भई ठाउँअनुसार त्यहाँका बासिन्दाहरूले कुन कुरामा बढी उत्सुकता देखाउँछन्, त्यसको अध्ययन गरी त्यसको आधारमा आफैले पाठ्यपुस्तक तयार गरिरहेका छौं ।" मानिसको जीवनलाई नै वास्तविक सामग्रीको रूपमा चित्रण गर्ने विधि शाप्ला नीरको पाठ्यपुस्तकसँग मिल्दोजुल्दो भए तापनि त्यसलाई बाइन्डिङ गरिएको थिएन । ठाउँअनुसार बासिन्दाका जिज्ञासाहरू अझ बढी प्रभावित हुने खालका विषयवस्तु समेटेर परिवर्तन गर्न मिल्नेगरी उक्त सामग्रीलाई फाइलमा राखिएको थियो । साथै "स्पेसले पहिला काठमाडौँका आदिवासी नेवार जातिको महिलाहरूका लागि साक्षरता कार्यक्रम सञ्चालन गरेको थियो । तिनीहरूको मातृभाषा नेपालभाषा (नेवारी) भएका कारण सुरुदेखि कक्षामा नेपाली भाषाको पाठ्यपुस्तकको प्रयोग गर्दा त्यति धेरै बुझाउन सकिँदैनथ्यो । त्यसमा पनि तिनीहरूको जीवनशैली अरू जातिको भन्दा भिन्दै भएको कारणले

पूर्वनिर्धारित पाठ्यपुस्तकको विषयवस्तु तिनीहरूलाई मिल्दैनथे । यिनै कारणले गर्दा आफैले शिक्षण सामग्री बनाउने गर्दै आएका हौँ" उहाँले भन्नुभयो ।

यतिकैमा मलाई बेलायतमा अध्ययन गर्दाताका पढेको निबन्धको (Parajuli and Enslin 1990) सम्झना ताजा भएर आयो । त्यसका लेखकमध्ये एक जना नेपालीले साक्षरता कार्यक्रममा "दाउरा" भन्ने शब्दलाई अध्ययन गरेको बेलाको कुराकानीको सिलसिलाबाट क्रमिकरूपमा वातावरणीय चेतनासम्बन्धी नेपालका गाउँले महिलाहरूको आँखा खुलेपछि तिनीहरू स्वयं वृक्षारोपणको कार्य थालनी गर्ने प्रक्रियामा निकै उत्साहित भएर लागे भन्ने सन्दर्भ उल्लेख गरेका थिए । त्यति बेला मैले भविष्यमा नेपाल जाने कुरासम्बन्धी कल्पना पनि गरेको थिइन । निबन्धको त्यो सन्दर्भ मलाई अति घत लागेकोले मेरो शोधपत्रमा समेत त्यसलाई उल्लेख गरेको छु । नेपाल आइसकेपछि ती लेखकलाई भेट्ने इच्छा भयो । विभिन्न ठाउँमा सोधखोज पनि गरेँ । तर भेट्टाउन सकिन । साक्षरता कार्यक्रमबारे धेरै लामो अनुभव भएको स्पेसलाई लेखकको बारेमा थाहा होला कि ? भन्ने सोची केशव गौतमलाई सोधेँ । तर अचम्मको कुरा के भने ती लेखक त स्पेसका भूतपूर्व कर्मचारी मात्र नभएर नेपाली साक्षरता कार्यक्रममा "जागरण" विचारधारालाई भित्र्याउने व्यक्तिमध्ये रहेछन् । तर उनी अहिले अमेरिकामा बसिरहेको कारणले भेट्न सकिएन । धेरै अपशोच लाग्यो । तर मेरो लागि पहिला पढेको उनको त्यो निबन्ध नै स्पेससँगको भेटको माध्यमजस्तो बन्यो ।

## स्पेसको कार्य क्षेत्रतिर

नोभेम्बर महिनाको १५ तारिखमा सञ्चालित आमनिर्वाचनको परिणामअनुसार तबसम्म सत्तासीन पार्टीको रूपमा रहेको नेपाली काङ्ग्रेस प्रतिपक्षमा परिणत भयो भने बहुमत प्राप्त नगरे पनि सबैभन्दा बढी सिट जितेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) मिलिजुली सरकारको रूपमा सत्तासीन हुनपुग्यो । आम निर्वाचन सम्पन्न भएपछि बल्ल कार्यक्षेत्रमा पस्ने वातावरण बन्यो । मैले साझेदार खोज्न अरू गैससहरूका कार्यक्षेत्रमा पनि घुम्न थालेँ । नेपालको पहाडी क्षेत्र तथा हिमाली क्षेत्रमा प्रायजसो अहिलेसम्म पनि गाडी गुड्दैनन् । बसपार्क तथा विमानस्थलबाट उकालै उकालो तीन/चार दिनसम्म लगातार हिँडेर गाउँ पुग्नु पर्ने कुरा खासै अचम्मको होइन । कार्यक्षेत्रको अवलोकन गर्ने भने तापनि त्यस ठाउँसम्म पुग्न निकै गाह्रो थियो । एउटा गैससको

क्रियाकलापको अवलोकन गरेर फर्कन झण्डै दस दिन लाग्थ्यो । पहाड चढ्ने अनुभव नभएकोले कार्यक्षेत्रको अवलोकन गरी काठमाडौँसम्म फर्कंदा शरीर थाकेर लखतरान हुन्थ्यो । अर्को कार्यक्षेत्रमा जानको लागि फेरि झण्डै एक हप्ताजति आरामको आवश्यकता पर्दथ्यो ।

सन् १९९५ को जनवरीको मध्यतिर सिन्धुली जिल्लामा स्पेसको कार्यक्षेत्र अवलोकनार्थ साँझ सात बजे काठमाडौँको बसपार्कबाट केशव गौतमसँगै रात्री बस चढेँ । अप्ठ्यारो सिटमा करिब दस घण्टाजति बसको यात्रा गरी पहिलोपल्ट जिल्ला कार्यालय क्षेत्र सिन्धुलीमाढी पुगियो । मध्य नेपालमा अवस्थित सिन्धुली जिल्लाको भौगोलिक बनावटमा तराई र पहाडी क्षेत्रका दुवै भाग मिसिएका छन् । नदीको किनारमा अलि भिरालो तथा फराकिलो समतल भू-भाग भएको तराईमा हिउँद याममा तुलनात्मक रूपमा यातायातको सुविधा भए तापनि बर्खामा नदीको पानी वृद्धि भई यातायातमा अवरोध आउँछ । पहाडी क्षेत्रका कुनै गाउँमा जानुपर्दा भने पैदलै हिँड्नुपर्ने बाध्यता छ । तैपनि प्रायजसो गाउँबाट एक दुई दिन हिँडेमा मोटरबाटोसम्म पुग्न सकिने भएकोले नेपालको परिप्रेक्ष्यमा त्यति गाह्रो भन्नचाहिँ मिल्दैन ।

गाडीबाट बिहानको झिसमिसेमा पाँच बजेतिर हामी सिन्धुलीमाढीमा पुग्दा मस्त निद्रामा नभएकोले एक कप चियाले तुरून्तै ब्युँझी नदी किनारको बाटो हिँड्दै स्पेसको कार्यालयतर्फ गयौँ । हिँड्दै जाँदा केशव गौतमले आफ्ना कार्यहरूबारे बताउनुभयो ।

सिन्धुली जिल्लाका जम्मा पच्पन्नओटा गाउँमध्ये एक्सन एडले पहिलेदेखि नै नौओटा गाउँमा काम गरिसकेको रहेछ । सन् १९९२ देखि कार्यक्षेत्रलाई विस्तार गर्ने सिलसिलामा नेपाली गैससँग काम गर्ने रूपरेखा तयार पारी साझेदार गैससको रूपमा स्पेसले एक्सन एडको कार्यक्षेत्र बाहेकका छओटा गाउँको अभिभारा लिएको रहेछ ।

तराईका बासिन्दाहरूमा प्रायजसो माझी र दनुवारजस्ता जनजातिहरूले पहिलेदेखि नै मत्स्यपालन तथा कृषिद्वारा जीवनयापन गर्दै आइरहेका थिए । तर यतिले मात्र प्रशस्त मात्रामा आयआर्जन नहुने भएकोले हाल जमिनदारका जग्गामा कृषिमजदुरको रूपमा पनि काम गर्ने गर्दछन् । अर्कोतर्फ पहाडी क्षेत्रका बासिन्दाहरूमा प्रायः तामाङ जाति रहेका र तिनीहरू मूलतः कृषिमा मात्र निर्भर भई जीवनयापन गर्दै आइरहेका थिए । तर भिरालो ठाउँ तथा कृषियोग्य जमिन

नभएको कारणले खेतीपातीको काम कठिन त छ नै, उत्पादन पनि अति न्यून हुने गर्दछ । तिनीहरूले धानबाहेक धेरै कम मात्रामा जौ, कोदो, फापर, दलहन तथा सागपातहरू उत्पादन गर्दै आइरहेका छन् । तराईतिर जस्तै पहाडी क्षेत्रमा पनि गरीब किसानको निर्भरता जमिनदारमाथि देखिन्छ भने जमिनदारहरूले गरीब किसानहरूमाथि चरम शोषण गरेको पाइन्छ ।

सिन्धुलीमाढीदेखि स्पेसको कार्यालयसम्म पुग्न अघिपछि दिनैभरी हिँड्नुपर्ने भए तापनि त्यस दिन कार्यालय अगाडिसम्म गाडीले पुऱ्याइदियो । त्यसमा दस जनाभन्दा बढी चढेका थियौं । बीचबीचमा मान्छेहरू ओर्लंदै चढ्दै गर्ने गर्दथे । यस्तो पक्की बाटो नभएको ठाउँमा कृषि उत्पादनका वस्तुहरू ओसारपसार गर्नमात्र नभई यातायातको साधनको रूपमा पनि ट्र्याक्टरको आवश्यकता मैले महसुस गरेँ ।

## गरिबीको कारण के होला ?

दिउसो दुई बजेतिर स्पेस कार्यालयमा पुग्दा कार्यालय प्रमुख राम डंगोललगायत अरू कर्मचारीहरूले स्वागत गर्नुभयो । त्यस कार्यालयको लागि काठबाट बनेको ठूलो घरको दुई तला भाडामा लिइएको थियो । घरभित्रको वातावरण रमाइलो र बस्नको लागि पनि अति नै आनन्ददायक थियो । त्यसको एउटा कोठामा कार्यालय प्रमुखबाट विभिन्न कुराहरूको जानकारी पाएँ ।

बंगलादेशस्थित शाप्ला नीरका क्रियाकलापजस्तै स्पेसका क्रियाकलापमा पनि साक्षरता कार्यक्रमले महत्त्वपूर्ण स्थान ओगटेको थियो । तर सम्पूर्ण क्रियाकलापमा त्यसको भूमिका भने अत्यन्त भिन्नै पाइयो । शाप्ला नीरको साक्षरता कार्यक्रममा सङ्गठित भएको एक वर्ष पुगेका स्थानीय बासिन्दाको समूहलाई लक्षित गरिन्थ्यो । तर यस कार्यक्रममा अक्षरको पढाइका साथै उन्नत जीवनयापनका लागि आधारभूत ज्ञान सिकाउनुमा नै मुख्य जोड दिइएको रहेछ । स्पेसको क्रियाकलापको सुरुको साक्षरता कार्यक्रमलाई कार्यान्वियनको क्रममा नै बासिन्दाहरूले स्पेसका कर्मचारीसँगको छलफलमार्फत आआफूले भोग्नुपरेका समस्या र तिनको समाधानबारे के गर्न सकिन्छ भन्ने सम्बन्धमा विचारविमर्श गर्ने मञ्चको रूपमा लिएका थिए । साक्षरता कार्यक्रमबारे भएका कुराकानीअनुसार त्यति बेलासम्म निर्माण भएका स्थानीय बासिन्दाका सत्ताइस समूहमा सहभागीहरूको सङ्ख्या २८७ थियो । त्यसमध्ये संस्थाको उद्देश्यअनुसार सत्रओटा "ऋण उन्मूलन

समूह", तीनओटा "गोरु उपयोग समूह", सातओटा "आयआर्जन वृद्धि समूह" मा विभाजन गरिएको थियो । त्यसअन्तर्गत दुईओटा महिला समूह पनि थिए ।

साक्षरता कार्यक्रममा ती समूहहरूको गठन कसरी गरियो भन्ने कुरामा मलाई कौतुहल जागेको बेला कार्यालय प्रमुखले प्रश्न गर्नुभयो, "तपाईंलाई गरिबीको कारण के होलाजस्तो लाग्छ ?"

एक्कासि यसरी प्रश्न सोधिएकोले मैले अक्मकिँदै जवाफ दिएँ । मैले बेलायतमा अध्ययन गर्दा पुस्तकमा पढेको कुरा बताएँ । "हालसम्म गरिबी भन्नाले आम्दानी तथा पूँजीजस्ता भौतिक वस्तुको अभाव हो भनिएको छ । तर आजकल राजनीतिक शक्ति तथा सम्झौता शक्तिको अभाव हुनुका साथै आकस्मिक अवस्थाप्रतिको कमजोरी तथा सामाजिक शक्तिहीनता नै गरिबीको मुख्य कारण हो भनिन्छ" (Chambers 1983) ।

"त्यस्तो प्रश्न गरेको होइन," टाउको हल्लाउंदै कार्यालय प्रमुख राम डंगोलले मेरो जवाफ सुनिरहनु भएको थियो । पछि मुसुक्क हाँस्दै उहाँले "वास्तवमा गाउँलेहरूलाई पनि मैले यही प्रश्न सोध्ने गरेको छु" भन्नुभयो । साथै उहाँले निम्न कुराहरूको जानकारी गराउनु भयो ।

## स्थानीय बासिन्दा-समूहहरू कसरी निर्माण भए ?

सिन्धुली जिल्लामा सञ्चालित साक्षरता कार्यक्रमको सुरुका दिनमा कक्षामा स्पेसका प्रशिक्षकद्वारा सहभागीहरू समक्ष यसरी छलफलको आरम्भ गरिन्थ्यो: "आज अक्षरको पढाइ सुरु गर्नुअघि यस कक्षाका सहभागीहरू किन गरीब छौँ त भन्ने विषयमा विचार गरौँ ।"

यसमा सहभागीहरूले "थोरै खेत", "पानीको अभावका कारण उब्जनीमा कमी" जस्ता विभिन्न कारणहरू बताए । सहभागीपिच्छे भिन्नाभिन्नै बिचारहरू आएपछि स्पेसका प्रशिक्षकले कागजमा एउटा भाँडोको चित्र बनाएर कुराकानीलाई अगाडि बढाउन थाले । "प्रत्येक वर्ष बाली भित्र्याउँदा सबैले भाँडोमा अन्न राख्नुहुन्छ होला हगि ? तर त्यसरी राखेको अन्न केही दिनमै सकिने हुनाले जीवन निर्वाह गर्न गाह्रो हुन्छ होला । यसरी केही दिनमै सकिनुको कारण भर्खर तपाईंहरूले भनेजस्तै निश्चय पनि जग्गा या पानीको अभावले भाँडामा राख्ने अन्न पनि सुरुदेखि नै थोरै भएको पनि हुन सक्छ होला । तर यसको कारण यति मात्र होला र ? जस्तै भाँडाको पिँधमा भ्वाङ पर्‍यो भने जति अन्न राखे पनि तुरुन्तै

सकिइहाल्छ नि । यसै गरी तपाईंहरूको जीवनमा पनि भित्र्याइएको अन्न कम भएर गएको छ कि ?"

यसपछि एकजना सहभागी विद्यार्थीले भने, "प्रत्येक वर्ष बाली भित्र्याइसकेपछि जमिनदारलाई ऋण नतिरीनहुने भएकोले उक्त बालीको अधिकतम भाग जमिनदारले लैजान्छन् ।"

प्रायः सबै सहभागीले "हो, हो" भनेर एकै स्वरमा भने ।

त्यसपछि स्पेसका प्रशिक्षकले प्रत्येक सहभागीलाई "कुन जमिनदारसँग कति रकम ऋण लिई कति ब्याज बुझाइरहनु भएको छ ?" भनेर सोद्धा प्रायः सबै सहभागीहरूले ऋण लिएको र एकजनाले बढीमा रु. चार हजारसम्म लिई त्यसको ब्याजस्वरूप धान बुझाइरहेको कुरा थाहा भयो ।[६] जसलाई रुपियाँमा बदल्दा प्रतिवर्ष ७५ प्रतिशत ब्याजदरमात्र तिर्नुपर्दो रहेछ । अझै विस्तृत रूपमा बुझ्दा जमिदारबाट ऋण लिँदा प्रक्रियाहरू पूरा गर्नुपर्ने बाध्यकारी चलन रहेछ । सुरुमा "घ्यू खाने" भन्ने प्रचलन छ । किसानहरूले जमिनदारबाट ऋण लिएबापत धन्यवादस्वरूप भेडाको घ्यू पठाउनु पर्ने चलन भएकोमा हिजोआज ऋण दिँदाको समयमा नै घ्यू खाने चलनअनुसार पहिले नै दस प्रतिशत काटिन्छ । अर्थात् ऋण खातामा एक हजार रुपियाँ उल्लेख गरे तापनि हातमा चाहिँ नौ सय रुपियाँ मात्र पर्दछ । यसबाहेक ऋणी किसानले खेतीपातीको समयमा जमिनदारको खेतमा विनाज्याला मजदुरी गर्नुपर्दछ र प्रत्येक चाडको उपलक्ष्यमा जमिनदार कहाँ मासु पठाउनु पर्दछ । यसरी यी सबै रकमको हिसाब गरी हेर्दा वर्षमा १२० प्रतिशतसम्म ब्याज लाग्ने रहेछ ।

समाजमा ऋण एउटा लज्जाको विषय भएको कारण प्रायः गाउँलेहरू व्यक्त गर्दैनथे । कक्षाका सहभागीहरूमध्ये धेरैले यसरी ऋण लिएर यति धेरै ब्याज तिरिरहेको कुराको कल्पना पनि गरेका थिएनन् । छलफलको परिणामस्वरूप यति धेरै ब्याज लिइरहेकोमा जमिनदारप्रति रिस प्रकट गर्नुका साथै यसलाई निरन्तरता दिएमा आफूहरू गरिबीबाट मुक्त हुन असम्भव हुने कुरा पनि उनीहरूले महसुस गरे ।

---

[६] नेपालको ग्रामीण क्षेत्रमा चामल एक किलोको मूल्य रु. दस देखि रु. २० छ, अनि मजदूरको एक दिनको ज्याला रु. ३० देखि रु. ५० ।

स्पेसका प्रशिक्षकले त्यस दिन कक्षामा "ऋण" भन्ने शब्दको प्रयोग गरी अर्को कक्षामा यसको समस्यालाई कसरी समाधान गर्न सकिन्छ भन्नेबारे छलफल गर्ने निधो गरे । अर्को कक्षाको सुरुमा सबैले बचत गरी ऋण तिर्नेबारे विचार गरे । तर ऋणको भार धेरै नै वृद्धि भइसकेकोले बचतले मात्र सम्पूर्ण ऋण चुक्ता गर्न सकिन्छ जस्तो कसैलाई लागेन । जसले गर्दा त्यस वर्षमा नबुझाएको ब्याजको रकममा समेत ब्याज ("ब्याजको स्याज" पनि भन्ने चलन छ) लगाई अर्को वर्षको ब्याजदर अधिकतम हुने हुँदा यथार्थमा बालुवामा पानी हालेजस्तै हुनेभयो ।

यसरी धेरैपटक छलफल गरेपछि स्पेस र सहभागीहरू निम्न विधि अपनाई ऋणको समस्यालाई समाधान गर्दै जाने कुरामा एकमत भए:

सर्वप्रथम स्पेसको तर्फबाट प्रत्येक सहभागीको लागि जमिनदारको ऋण चुक्ता गर्न प्रतिव्यक्ति अधिकतम रु. चार हजारसम्म विनाब्याज ऋण प्रदान गर्ने । ती सदस्यहरूले त्यो रुपियाँ पहिला जमिन्दारलाई चुक्ता गर्ने । त्यसपछि प्रत्येक महिना बैठक बोलाई नगद वा अन्न सञ्चय गर्ने । आवश्यक मात्रामा सञ्चित भइसकेपछि इच्छुक सदस्यहरूलाई न्यूनतम ब्याजदरमा आन्तरिक ऋण प्रदान गर्ने । यसरी सञ्चय र आन्तरिक ऋणको ब्याज आम्दानीबाट आफ्नो कोषलाई वृद्धि गरी त्यसबाट अलिअलि गर्दै स्पेसको ऋण फिर्ता दिँदै जाने । यसअनुसार सम्पूर्ण ऋण तिर्न सकिन्छ र भविष्यमा नयाँ ऋणको आवश्यकता भएमा जमिनदारबाट नभई समूहको कोषबाट लिन सकिने हुन्छ ।

यसप्रकार साक्षरता कार्यक्रममा "ऋण" भन्ने शब्दबाट छलफल गरी सुरुमा "ऋणमुक्त समूह" स्थापना भयो । "गोरुको संयुक्त उपयोग समूह" पनि साक्षरता कार्यक्रमको छलफलबाट सुरु भएको थियो । साक्षरता कक्षाका सहभागीहरू कसैसँग पनि गोरु थिएनन् । त्यसमा पनि आफ्नो खेत जोत्न हलो सहितका गोरु जमिनदारसँग सापट लिनु पर्दथ्यो । केही हप्ताको कामको लागि मात्र सापट लिने भए तापनि जमिनदारबाट त्यसबापत अधिकतम रकम असुल्नुका साथै पूरा एक वर्षसम्म सो गोरुको स्याहार गराइन्थ्यो । र आफ्नो खेतमात्र होइन, जमिनदारको खेतसमेत विनाज्याला जोत्नुपर्ने हुन्थ्यो ।

अब कक्षामा "गोरु" भन्ने शब्दलाई लिएर छलफल चल्यो । त्यसपछि आफूले उपयोग गर्ने गोरु खरिदका लागि स्पेसबाट विनाब्याज ऋण लिई "ऋणमुक्त समूह" ले जस्तै आफ्नो कोष निर्माण गरी त्यही प्रक्रियाले स्पेसलाई ऋण फिर्ता गर्दै जाने निधो भयो ।

## स्थानीय बासिन्दासँगको कुराकानी

स्पेसले विभिन्न क्षेत्रका समस्याबारे स्थानीय बासिन्दाका कुरा सुनेको र बासिन्दाले पनि स्पेसको सहयोगबाट समस्या समाधान हुनसक्ने विचार गरी समूह बनाइरहेको कुरा कार्यालय प्रमुख राम डंगोलबाट थाहा भयो ।

मैले खोजिरहेको साझेदार यही नै हो कि ? !

तर स्पेसबाट सुनेको भरमा मात्रै म मनमनै प्रफुल्लित भएको थिइन । उहाँको कुरा कत्तिको साँचो हो समूहका सदस्यलाई भेटेर कुराकानी नगरेसम्म वास्तविकता थाहा हुँदैनथ्यो । त्यसकारण काठमाडौँ फर्कने केशव गौतमसँग छुट्टिएर म भोलिपल्ट राम डंगोलको उपस्थितिमा स्पेसले सहयोग गरिरहेका स्थानीय बासिन्दा समूहलाई भेटेँ । स्पेसको रेखदेखमा रहेका छओटा गाउँहरू तराईदेखि मध्य पहाडी क्षेत्रसम्म फैलिएका छन् । प्रत्येक गाउँमा एक एक जना स्पेसका क्षेत्रीय कार्यकर्ताले किसानका घरमा बास बसी क्रियाकलाप गरिरहेका थिए । हामी पनि क्षेत्रीय कार्यालयबाट जानेआउने गर्दा ढिलो हुने भएकोले एउटा गाउँमा गई केही समूहको अवलोकन गरी भोलिपल्ट फेरि तीनचार घण्टा हिँडेर अर्को गाउँमा जाने गर्थ्यौं ।

सकेसम्म स्पेसका क्षेत्रीय कार्यकर्ताहरूको बासस्थानमा संयुक्त रूपमा नै बास बसियो । कुनै ठाउँमा पहिलेदेखि नै एक जनाका लागिमात्र ओछ्यान अट्ने भएकोमा अरू उपाय नभएकोले एउटै घरको गोठको माथिल्लो तल्लामा पराल डस्याई सबैजना सँगै सुत्ने पनि गरियो । त्यति नराम्रो भन्न नमिले तापनि मध्यरातमा तलपट्टि गाईले पिसाब गरेको ठूलो आवाज सुन्दा भने हाँसो थाम्न सकिन्नथ्यो । यसरी छओटा गाउँमध्ये पाँचओटाको अवलोकन गरी सत्ताइसओटा समूहमध्ये आठओटासँग अन्तर्वार्ता लिएँ । त्यस अवधिमा निम्न पाँचओटा प्रश्न सोधेको थिएँ:

### *समूहको निर्माण कसरी भयो ?*

स्पेसको तर्फबाट विभिन्न कुरा सुनियो, तर ती कुरा सदस्यहरूले कसरी लिँदारहेछन् भन्ने पक्ष बुझ्नु नै हाम्रो मुख्य लक्ष्य थियो । आठओटा समूहमध्ये छओटा चाहिँ सुरुमा स्पेसको तर्फबाट गाउँलेलाई खबर गरी साक्षरता कार्यक्रममा सहभागी बनाएर गठन गरिएको रहेछ । सो गठनबारे सदस्यको भनाइअनुसार राम डंगोलबाट सुनेका कुरा सत्य भएको प्रमाणित भयो । बाँकी दुई समूह चाहिँ अरू समूहको

क्रियाकलापबारे सुनेर बासिन्दा स्वयंले ती समूहको निरीक्षण गरी उनीहरूकै प्रयासद्वारा निर्माण गरिएको रहेछ । त्यसपछि बल्ल सदस्यहरूले स्पेसमा सहयोगको लागि आवेदन गरेका रहेछन् । जुनसुकै समूहमा पनि स्पेसको निर्देशनअनुसार मात्र नभएर स्थानीय बासिन्दा स्वयंको विचारअनुसार समूह गठन भएको कुरा पुष्टि भयो ।

### *प्रत्येक महिनाको बचत तथा आन्तरिक ऋणको ब्याज कसले र कसरी निर्धारण गरिन्छ ?*

सहयोग गर्ने पक्षले सदस्यका लागि सामूहिक क्रियाकलापसम्बन्धी नियमहरू बनाइदिने गर्थे । यो प्रक्रियाबाट क्षणिक रूपमा समस्या कम हुन गए तापनि दीर्घकालीन रूपमा विचार गर्ने हो भने समूहको आफ्नै क्षमता वृद्धिको सन्दर्भमा उल्टै नोक्सान हुन सक्दछ । अर्कोतर्फ सम्पूर्ण कार्यको जिम्मा समूहलाई दिँदा पनि कुनै व्यक्ति विशेषको विचारले मात्र बढी प्राथमिकता पाउने भई कमजोर सदस्यहरू झन् पछाडि पर्ने सम्भावना पनि धेरै हुन्छ । यसैले सहयोग गर्ने पक्षले यहाँ निर्धारण गर्न कठिन छ ।

यसै सन्दर्भमा प्रायजसो समूहले सुरुमा बैंकमा आ-आफ्नो खाता खोल्न आवश्यक प्रतिव्यक्ति रु. ५० बचत गरी समूहअनुसार प्रत्येक महिना रु. दस देखि रु. ४० को हाराहारीमा स्वतन्त्र रूपमा बचत गर्ने निर्णय गरेका रहेछन् । स्पेसको तर्फबाट "अति गरीब सदस्यको जीवनस्तर अनुसार प्रत्येक महिनाको बचत रकम निर्धारण गरी सम्पूर्ण सदस्यहरूले समान रूपले रकम बचत गर्ने सल्लाह पाएको" पनि थाहा भयो । सुरुमा निर्णय गरेको बचत रकम अलि बढी भएकोले पछि रकम कम गर्दै जाने समूह पनि थिए । अझ बाली भित्र्याइसकेपछिको समयमा बढी बचत गर्ने तथा बाली भित्र्याउनुअघिको समयमा कम बचत गर्नेजस्ता मौसमअनुसार जम्मा गर्ने रकममा घटबढ गर्ने समूह पनि थिए । आन्तरिक ऋणसम्बन्धी पनि प्रतिवर्ष बाह्र प्रतिशत अथवा चौबीस प्रतिशतमध्ये कुनै एकको निर्णय गरिएको थियो । "आफ्नै बचत रकम भएकोले निर्ब्याजे ऋण प्रवाह गर्ने विचार छैन कि ?" भनी प्रश्न गर्दा सबै समूहले निम्नानुसार जवाफ दिए:

"ऋण लिने सन्दर्भमा जमिनदारसँगको दाँजोमा धेरै थोरै भएकोले छिटो सामूहिक कोषको वृद्धि गर्नको लागि थोरै भए पनि ब्याज लिनु राम्रो ।"

यी कुराबाट सामूहिक क्रियाकलापलाई राम्रोसँग अगाडि बढाउन न्यूनतम रूपमा पालना गर्न आवश्यक विषयवस्तुबारे स्पेसबाट निर्देशन प्राप्त गरे तापनि अरू विषयमा समूहको तर्फबाट स्वतन्त्र रूपमा नियमहरू बनाई कमजोर अवस्थामा रहेका सदस्यको बारेमा पनि ध्यान दिइएको कुरा थाहा भयो ।

### *सामूहिक कोष परिचालनको स्थिति कस्तो छ ?*

स्थानीय समूहको क्रियाकलापमा बचत सङ्कलन तथा ऋण प्रवाह गर्दा प्राय: धेरै देखिने समस्या भनेको केही सदस्यद्वारा गरिने कोषको दुरूपयोग तथा एकलौटी प्रयोग नै हो । सम्पूर्ण सदस्यले कोष परिचालनको स्थितिलाई सही तवरले बुझिरहेका छन् कि छैनन्, समानरूपमा ऋण प्रवाह भइरहेको छ कि छैन जस्ता कुराहरू नै त्यस समस्यालाई नियन्त्रण गर्ने आधार हुन् ।

मैले अन्तर्वार्ता लिँदा सदस्यहरूमा उपर्युक्त सचेतनाको अभाव नै मुख्य कमजोर पक्ष ठानेँ । स्पेसले सहयोग गर्ने समूहमा नगदबाट हुने बचत मात्र नभएर अन्नबालीबाट हुने बचत सङ्कलन पनि सञ्चालन गरी त्यसबाट सदस्यलाई ऋण प्रदान गर्ने भएकोले हिसाबको लेखा राख्न धेरै जटिल भएको बुझिन्थ्यो । त्यसले गर्दा आफ्नो बचतमा जम्मा भएको रकमको आँकडाबारे अनभिज्ञ रहेका समूह पनि भेटिए ।

सम्पूर्ण सदस्यलाई समान रूपले पालैपालो गरी ऋणप्रवाह गर्ने नभई प्रत्येक महिनाको बैठकमा छलफल गरी ऋण अति आवश्यकता परेका सदस्यलाई प्राथमिकता दिइन्थ्यो । तर यसको कुनै सीमा निर्धारण नभएकोले रु. पाँच हजारको कोषमा रु. तीन हजारसम्म पनि कुनै सदस्यलाई ऋण दिइरहेका समूह पनि थिए । यसै सन्दर्भमा ऋण नलिने सदस्यलाई “असमान व्यवहार गरेको जस्तो महसुस हुन्छ कि ?” भन्ने प्रश्नमा “कुनै दिन आफूले पनि सेवा लिन सकिने भएकोले खासै फरक पर्दैन” भन्ने जवाफ पाइयो । यस किसिमको जवाफ सुन्नु अगाडिसम्म मैले “कुनै व्यक्तिविशेषको एकलौटी पो छ कि ?” भन्ने शङ्का गरेको थिएँ । तर सदस्यहरू स्वयंले त्यसरी विचार प्रकट गरेपछि मेरो शङ्का दूर भयो ।

### *सामूहिक क्रियाकलाप सुरु गरेपछि के कस्तो परिवर्तन भयो त ?*

“अधिकतम ब्याजको भारबाट मुक्त भयौँ, सामूहिक कोषबाट न्यूनतम ब्याजमा ऋण लिन सक्ने भयौँ” भन्ने जवाफ सबभन्दा बढी पाइयो । सो क्रियाकलापबाट

अपेक्षित परिणाम हासिल भइरहेको बारे सदस्यहरू स्वयंले बुझ्न सकेको कुरा थाहा भयो । साथै अन्य समस्याबारे पनि सदस्यहरूबीच एकआपसमा छलफल हुने, कृषि कार्य तथा भवन निर्माण कार्यमा पनि एकआपसमा सहयोगको आदानप्रदान हुनेलगायतका सामूहिक क्रियाकलापबाट सदस्यहरूबीचको सहयोग सम्बन्ध अझ मजबुत भएको कुरा बुझियो ।

सदस्यहरूको यसप्रकारको एकताले गर्दा कुनै दिन जमिनदारले पनि समूहसँग सम्झौता गर्नुपर्ने स्थिति आएको रहेछ । यो अति चाखलाग्दो पक्ष पाएँ । कुनै समूहमा स्पेसबाट रकम लिई जमिनदारको ऋण चुक्ता गर्न जाँदा ऋणी सदस्यहरूलाई समेत सँगै लगी साँवालगायत ७५ प्रतिशत ब्याज लिनु अव्यावहारिक हो भनी बहस भएका रहेछन् । परिणाम केही जमिनदारहरू साँवामात्र फिर्ता गर्नमा राजी भएका दृष्टान्तहरू थिए । अझ "बाहिरी समूहबाट ऋण नलिइनहुने हो भने आफूले विनाब्याज नै ऋण दिन्छु" भन्ने जमिनदार पनि निस्के । निश्चय पनि यस किसिमका उदाहरणहरू कमै छन् । तापनि प्रायजसो जमिनदारहरू हस्ताक्षर गरेका तमसुक रद्ध नगर्ने पक्षमा थिए । जमिनदारै भए पनि सबैजना अनैतिकतापूर्वक अधिकतम ब्याजमा ऋण दिने मात्र छैनन्, स्थानीय चलनचल्तीको ब्याज लिनेहरू पनि छन् । यस किसिमका कुरामा तमसुकअनुसार ऋणका सर्तबाट मुक्त हुनसक्ने सम्भावना भएकोबारे बुझियो । तसर्थ अधिकतम ब्याजको समस्या समाधान गर्ने उद्देश्य भएकोले जमिनदारको व्यवहारमा परिवर्तन हुनु खुशीको कुरा हो ।

### ***स्पेसको सहयोगविना पनि यही किसिमको निरन्तरता दिन सकिन्छ जस्तो लाग्छ ?***

वास्तवमा व्यक्तिगत रूपमा म यस प्रश्नको जवाफ सुन्न निकै उत्सुक थिएँ । कारण ती सदस्यहरूले कतिसम्म समूहलाई आफ्नो ठानेका रहेछन् भन्ने कुरा यसले स्पष्ट पार्थ्यो । "त्यसको लागि अझ समय लाग्छ" भन्ने जवाफ बढी आयो । तर स्पेसबाट पनि "भविष्यमा तिनीहरूले नै चलाउन सकून्" भनिएकोले "अरू दुई वर्ष" भनी जवाफ दिने समूह पनि थिए । तर "किन दुई वर्ष नि ?" भनेर प्रश्न गर्दा जवाफ दिन अन्कनाए । फेरि, स्पेसका कार्यकर्ता विल्कुलै आएनन् भने आपत पर्ने भएकोले आउने समयलाई घटाउँदै लगेमा चाहिँ राम्रै हुने जवाफ पनि पाइयो ।

एउटा समूहले मात्र एक वर्षपछि "स्पेसको सहयोगविना पनि निरन्तरता दिन सकिन्छ" भनेर प्रस्ट रूपले जवाफ दियो । त्यस समूहका सातजना सदस्यहरूले संयुक्त रूपमा किराना पसल सञ्चालन गरी प्रतिमहिना रु. एक हजार पाँच सय बराबरको नाफा प्राप्त गरिरहेका थिए । तिनीहरूको भनाइ थियो, "हामीहरू अधिकतम ब्याजदरबाट मुक्त भयौं । अर्को एक वर्षमा स्पेसको ऋण पनि चुक्ता गर्न पाए स्पेसबाट पनि स्वतन्त्र हुन सकिन्छ ।" त्यसपछिको कामबारे प्रश्न गर्दा "पछि आफूहरूले अरू गाउँमा हाम्रोजस्तै समस्या भोगिरहेका व्यक्तिहरूलाई सहयोग गर्ने इच्छा छ । अहिलेसम्म दुइटा समूह गठन गर्नका लागि सहयोग गर्‍यौँ" भन्ने जवाफ पनि दिए ।

स्पेसले सहयोग गरिरहेका स्थानीय समूहलाई प्रत्यक्ष भेट्दा, बाहिरी व्यक्तिबाट नभई स्थानीय बासिन्दाको इच्छाअनुसार नै समूह गठन गर्ने कुरा अति महत्त्वपूर्ण भएको मैले पुनः महसुस गरेँ । तर स्पेसमा जानुअघि अवलोकन गरेका अरू गैससले भने सामूहिक क्रियाकलापको उद्देश्य तथा विचारसम्बन्धी स्थानीय बासिन्दाहरूलाई एक हप्ताको प्रशिक्षण तालिम सञ्चालन गरेपछि तुरून्तै समूह गठन गरी छलफलै नगरी बचत सङ्कलन, ऋणप्रवाह तथा ऋण फर्स्यौट जस्ता क्रियाकलापहरू सञ्चालन गर्दारहेछन् । बचत सङ्कलन, ऋणप्रवाह तथा ऋण फर्स्यौट आदि विषयमा समूहमा प्रश्न गर्दा अगुवाले मात्र बोल्ने र अरू सम्पूर्ण सदस्यहरू चुप्प लागेर बसिरहेको पाइयो । तर स्पेसले सहयोग गरिरहेका समूहमा एक विदेशीको हैसियतले मैले अवलोकन गरे तापनि सक्रियतापूर्वक आ-आफ्ना विचार आदानप्रदान भएको देखेँ । अन्तर्वार्तामा पनि कुनै एक सदस्यले प्रश्नको उत्तर दिँदा अक्मकिएमा तुरून्तै अरू सदस्यले त्यसलाई निरन्तरता दिई प्रायजसो आधाभन्दा बढी सहभागीले आफ्नो विचार व्यक्त गर्दथे । मलाई ती समूह एक सङ्गठनको रूपमा रहेको महसुस भयो ।

यहाँसम्म आइपुग्दा मैले स्पेसलाई शाप्ला नीरको साझेदारीको निमित्त अत्यन्त योग्य उम्मेदवारको रूपमा स्वीकार गर्ने निर्णय गरिसकेको थिएँ ।

## केशव र कमैया

काठमाडौं फर्केपछि मैले सिन्धुली जिल्लामा देखेसिकेका कुरा र आफ्ना अनुभूतिहरू केशव गौतमलाई बताएँ । साथै यी मेरा व्यक्तिगत विचार हुन्, तर... भनी आफ्नै भनाइलाई बढी अर्थपूर्ण भएको सङ्केत गरेँ ।

"स्पेससँग साझेदारी गरी नेपालमा नयाँ क्रियाकलाप सुरु गर्ने विचार गरिरहेको छु, कस्तो होला ?"

केशवले पनि सिन्धुलीमा भएको मसँगको कुराकानीबाट शाप्ला नीर र स्पेसबीच धेरै समानता भएको अनुभव गरेँ भन्दै हामीहरू पनि शाप्ला नीरसँग सहकार्य गर्न चाहन्छौँ भन्ने जवाफ दिनुभयो । "धन्यवाद त्यसोभए । कहाँ, कस्ता खालका क्रियाकलाप गर्ने भन्नेबारे स्पेससँग केही रूपरेखा छ कि ?"

"काठमाडौँ उपत्यका तथा पूर्वी भागमा प्रशस्त मात्रामा सहयोग आइरहेकोले हामीहरू पश्चिमी भागतर्फ जानु पर्छ जस्तो लाग्दछ । पश्चिमी भागमा गरीब बस्तीहरू बढी भए तापनि अहिलेसम्म बाह्य सहयोग त्यति आइरहेको छैन ।"

"मैले पनि नयाँ काम सुरु गर्ने हो भने पश्चिमतिर नै विचार गरिरहेको थिएँ । तर पश्चिम भने तापनि पहाडी भागमा गर्ने हो कि तराई भागमा भन्ने सम्बन्धमा धेरै नै फरक छ जस्तो लाग्दछ ।"

"वास्तवमा पहिलेदेखि नै मैले समथर तराई भागका आदिवासी थारू जातिको लागि केही गर्न सकिन्छ कि भनी सोचिरहेको थिएँ । विशेष गरी "कमैया" भनिने ऋणी मजदुरहरू नेपालमा अति गरीब तथा शोषित वर्गमा पर्ने भएकोले ।"

यसअघि अनुसन्धानको सिलसिलामा बर्दिया जिल्लामा गएदेखि नै कमैयाबारे मेरो मनमा सकसक लागिरहेको थियो । यसपालि नेपाल आइसकेपछि पनि सहयोगको क्षेत्रमा कार्यरत व्यक्तिहरूसँग भेटघाट हुँदा कमैया सहयोगको सम्भावनाबारे प्रश्न गरेँ । मैले कमैयाबारे जति व्यक्तिहरूलाई सोधेँ ती सबैले कमैया नेपालमा अति शोषित वर्ग हुन् भनी स्वीकारे । साथै कमैयालाई सहयोग गर्नु निकै कठिन छ भनी औँल्याए । तर केशवको मुखबाट 'कमैया' भन्ने शब्द निस्कँदा भने म छक्क परेँ ।

ऋणी मजदुरको अवस्थामा रहेका कमैया निरन्तररूपमा जमिनदारको कडा निगरानीमा रहेकोले तिनीहरूसँग नजिकिनको लागि धेरै मेहनत तथा धैर्यको आवश्यकता पर्दछ । केही गरी तिनीहरूसँग नजिकिए पनि तीमध्ये बहुसङ्ख्यक थारू जनजाति भएको र नेपाली भाषा पनि राम्रोसँग नबुझ्ने हुँदा तिनीहरूको विचार बुझ्न त्यत्तिकै कठिन छ । यस्ता बाधाअड्चनहरू पार गर्दै केही कार्यक्रम सुरु गरे तापनि जमिनदार वर्गका लागि चुनौती सिर्जना भई उनीहरूको तर्फबाट आउनसक्ने सम्भावित खतराहरूको सामना गर्ने कुरा त कल्पना गर्न पनि गाह्रो छ ।

यसप्रकारको दृष्टिकोणबाट समस्याको गहिराइलाई बुझेर वास्तविक सहयोग जुटाइरहेका संस्था पनि एकदमै कम थिए ।

मैले बर्दिया जिल्लामा देखेको सापको कार्यक्रमलाई सम्झेँ । उपर्युक्त स्थितिलाई विचार गरी हेर्दा सापले अथक परिश्रम गरिरहेको मान्नुपर्छ । साथै त्यति धेरै कष्ट गरे तापनि जमिनदारसँगको समझदारीविना क्रियाकलाप गर्न नसक्ने हो भने साच्चै नै कमैया समस्याको समाधान गर्न सकिँदैन होलाजस्तो लाग्यो । मैले त स्पेससँग त्यति विस्तृत रूपमा कमैया सहायताको सम्भावनाबारे कुराकानी गरेको पनि थिइन । तर स्पेसको तर्फबाट कमैया क्षेत्रमा काम गर्न सकिने इच्छा व्यक्त गरिएको थियो ।

"किन कमैयाप्रति उत्सुक भएको ?"

"वास्तवमा म पश्चिमी तराईको दाङ जिल्लाको जमिनदार वर्गमा जन्मेको मान्छे हुँ । मेरो बुबाले पनि कमैया राखिरहनु भएको थियो । त्यसमा पनि ठूलो जमिनदारको रूपमा एकजना छिमेकी बाजे हुनुहुन्थ्यो र उहाँले मात्र दशौँ कमैयालाई कजाइराख्नु भएको थियो । म निकै सानो छँदा, मेरै अगाडि एक दिन अचानक ती छिमेकी बाजेले एकजना कमैयालाई थला पर्ने गरी यातना दिएको देखेँ । वास्तवमा त्यो कमैयाले बाजेको मुखमुखै लागेको पनि थिएन । त्यस बेला बाजेले नराम्रो व्यवहार गर्नुभएको थियो । त्यस बेला मेरो बाल मनस्थितिमा तिनीहरू किन यस किसिमको अवस्थामा रहन बाध्य भएका होलान् भन्ने लागिरह्यो । त्यही बेलादेखि मलाई कमैयाप्रति उत्सुकता जाग्न सुरु भएको हो ।"

"यी कारणले गर्दा फिलिपिन्समा अध्ययन गर्दा पनि "थारू जाति र भूमि आन्दोलन" विषयमा स्नातकोत्तर शोधपत्र लेख्ने विचार गरेँ । बीचमा नेपाल फर्केर आफ्नै नजिकको थारू गाउँमा बसोबास गरी थारू भाषा पनि सिक्दै अध्ययन-अनुसन्धानलाई अगाडि बढाएँ । त्यस बेला प्राकृतिक जीवनसंस्कृतिमा रमाउने तथा एक आपसमा सहयोग गर्ने भावनाका साथ समाजमा घुलमिल भएको पाएकोले "अज्ञानी तथा असक्त थारू" भन्ने तिनीहरूप्रतिको मेरो पूर्वधारणालाई जरैदेखि उखेल्न सकेँ । त्यसपछि नै मलाई कुनै दिन थारूहरूसँग काम गर्ने इच्छा प्रबल हुँदै आएको थियो । तर उत्सुकता देखाउने कुनै विदेशी गैसस भने थिएनन् ।"

थारू गाउँमा बसोबास गरी अनुसन्धान मात्र होइन, थारू भाषा पनि सिक्नु भएको रे !

यी सबै मैले पहिलोपटक सुनेका कुराहरू मात्रै थिए । केशव फिलिपिन्समा अध्ययन गर्न गएको कुरा थाहा थियो तर कुन विषयमा शोधपत्र लेखेको भन्नेबारे चाहिँ सुनेको थिइन । मैले पढेको निबन्ध या यो कमैयाको विषय, जे होस् सबै कुरा अकस्मात भई स्पेस भन्ने संस्थासँगको भेटमा अनौठो संयोग भएजस्तो अनुभूति भयो । अब यो संस्थासँग कमैया सहायतासम्बन्धी नयाँ कार्यक्रम गर्न सकिन्छ होला भन्ने लागिरह्यो ।

केशवसँगको कुराकानीको परिणामस्वरूप सुरुमा कमैयाको वर्तमान अवस्थाबारे अझ विस्तृत रूपमा थाहा पाउन बर्दिया जिल्लामा दुई हप्ताको क्षेत्रीय अनुसन्धान गर्ने भयौं । केशवको जन्मस्थल दाङ जिल्लामा अनुसन्धान गर्ने विचार पनि थियो । तर कमैया समस्या चाहिँ बर्दिया जिल्लामा अझ बढी छ भन्ने सुनेको हुनाले र खास भन्नुपर्दा पहिलाको भ्रमणको प्रभाव अहिलेसम्म रहिरहेकोले फेरि एकपटक गएर हेर्ने मेरो दृढ चाहना थियो ।

तुरून्तै बर्दिया जिल्लातर्फ लाग्ने इच्छा भए पनि पछिल्लो हप्तादेखि अर्को एउटा सम्भावित साझेदार संस्थाको विचार गरिरहेको सिएसडि (Centre for Self-Help Development)[७] भन्ने गैससँग पश्चिम नेपालको सल्यान जिल्लामा स्थलगत निरीक्षण गर्ने योजना थियो । केशवसँग समय–तालिका मिलाई बर्दिया जिल्लामा एक महिनापछि मार्चमा जाने निर्णय भयो ।

यो पहिलेको भ्रमणको ठीक एक वर्षपछिको कुरा थियो ।

---

[७] सिएसडि सन् १९९१ को अगस्टमा नेपाल कृषि विकास बैंकका पूर्व कर्मचारीहरूको संलग्नतामा स्थापना भएको गैरसरकारी संस्था हो । यस पहाडी क्षेत्रमा “बचत तथा सामुदायिक विकास कार्यक्रम” र तराई क्षेत्रमा लघु ऋण अनुरूप “ग्रामीण बैंक कार्यक्रम” को कार्यान्वयन गरिरहेको छ ।